# भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दोलखा

## निर्माण कार्य सम्वन्धी वोलपत्र आह्वानको सूचना ।

(प्रथम पटक प्रकाशन मिति : (२०७७/१२/२४ गते)

१) यस नगरपालिकाको तपशीलबमोजिमको निर्माण कार्य गर्न इच्छुक इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहायवमोजिमको शर्तहरुको अधिनमा रहेर रितपूर्वकको वोलपत्र पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

२) बोलपत्र पेस गर्दा यो सूचना प्रकाशित भएको मितिले तोकिएको मिति तथा समय भित्र फर्म/कम्पनी/संस्था दर्ताको प्रमाण पत्रको प्रमाणित छायाप्रति, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रमाणित छायाप्रति, आ.व. २०७६/०७७ को कर चुक्ता गरेको प्रमाण पत्रको प्रमाणित छायाप्रति र बोलपत्र फाराम दस्तुर (रकम फिर्ता नहुने गरी) वापतको रकम कार्यालयमा नै दाखिला गरी नगदी रसिद वा यस कार्यालयको नाममा नेपाल वैंक लिमिटेड, चरीकोट, दोलखामा रहेको खाता नं. १३००३०००००१००१००००००३ मा जम्मा गरी सोको भौचर वोलपत्र फारामको साथ संलग्न गर्नुपर्ने छ ।

४) बोलपत्र पेस गर्दा सिलवन्दी खाममा सम्बन्धित ठेक्काको विवरण तथा ठेक्का नं. स्पष्ट खुलाई पेस गर्नुपर्ने छ ।

५) खरिद गरिएका वोलपत्र फारामहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले तोकिएको मिति तथा समयभित्र यस कार्यालयमा आई वा E–biding (www.bolpatra.gov.np/egp) को माध्यामबाट वोलपत्र दर्ता गराउन सकिनेछ ।

६) वोलपत्र फाराम साथ बोलपत्र जमानत रकम यस कार्यालयको नाममा नेपाल वैंक लिमिटेड, चरिकोट, दोलखामा रहेको खाता न १३००३००००००३०००००००००३ मा जम्मा गरी सोको भौचर (for bid security purposes) वा मान्यता प्राप्त वाणिज्ये वैंकवाट यस कार्यालयको नाममा जारी गरिएको वोलपत्र खोल्ने मितिबाट १२० दिन म्याद भएको बोलपत्र जमानत वोलपत्र फाराम साथ पेस गर्नुपर्ने छ ।

७) दर्ता हुन आएका वोलपत्रहरु यस कार्यालयमा वोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । निजहरुको अनुपस्थितिमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

८) प्राप्त वोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघी आएका वोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

९) वोलपत्र सम्वन्धी अन्य सर्तहरु वोलपत्र फाराममा उल्लेख गरेवमोजिम हुने छन् ।

१०) अन्य कार्यविधि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुने छ ।

११) विस्तृत जानकारीका लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ ।

| ठेक्का नं. | ठेक्का/योजना नाम | वडा नं. | लागत अनुमान रकम रु (मू.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम (रु) | वोलपत्र फाराम खरिद अवधि | वोलपत्र फाराम दाखिला अवधि | वोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| BMP/NCB/WORKS/2077-078/E/25 | Multipurpose Building Extension Work | ३ | १,५२,३४,०२४/३१ | ३,०००/- | ४,००,०००/- | सूचना प्रकाशन मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र | सूचना प्रकाशन मितिले ३१ औं दिन दिनको १२ वजेभित्र | सूचना प्रकाशन मितिले ३१ औं दिन दिनको २ वजे |